# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८०/२०८१

### हाम्रो भोटखोला राम्रो भोटखोला

**भोटखोला गाउँपालिका**
**हटिया, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**
**आठौ गाँउसभा**

## २०८०-०३-१० गते

**प्रस्तोता:-**

सहना लामा

**उपाध्यक्ष**
**भोटखोला गाउँपालिका**
**हटिया संखुवासभा ।**

**गाँउसभा सदस्य ज्युहरु**

**१. भोटखोला गाँउपालिकाको गरिमामय आठौं गाँउसभालाई सम्बोधन गर्दै आ.व. २०८०/२०८१ बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु । लोकतान्त्रिक गणतन्त्र नेपाल प्राप्तीको संघर्षमा सहादत्त प्राप्त गर्नुहुने सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु । राष्ट्रियता, स्वधिनता, लोकतन्त्र प्राप्ती र रक्षाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पुर्ण व्यक्तित्वहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।**

**नेपाली जनताको त्याग, बलिदान र संघर्षको उपलव्धी नै संघात्मक शासन व्यवस्था हो । यो सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताद्धारा बनाएको शासकीय व्यवस्था हो । यही व्यवस्थाको जगमा टेकी जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी, भ्रस्टचार मुक्त तथा सभ्य र सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाज निर्माण गर्नु नै स्थानीय सरकारको आर्दश हुनेछन् । भोटखोला गाँउपालिकाको आधारभूत विकासका जग बसाल्न, तथ्य र कानुनका आधारमा नागरिकका जायज मागहरु सुन्ने र पुरा गर्ने काम हुनेछ ।**

नेपाल सरकारको दिगोविकासको लक्ष्य प्राप्तीको निम्ती नेपाल सरकार तथा कोशी प्रदेश सरकारले अवलम्वन गरेको आ.व. २०८०/२०८१ नीति तथा कार्यक्रमको भावना र मर्मलाई आधार वनाई भोटखोला गाँउपालिकाले **हाम्रो भोटखोला राम्रो भोटखोला** परिकल्पनाको नीति अवलम्वन गरिएकोछ । सो परिकल्पनालाई साकार वनाउन निम्न हाम्रा जनप्रतिनिधिहरु जनता सँग यो संकल्प गर्दछ ।

- जनप्रतिनिधीहरु साशक होईन जनताको सेवक हुने छन् ।
- जनप्रतिनिधीहरु सामाजिक जागरण र विकासका अभियान्ता हुनेछन् ।
- हाम्रो नेतृत्वमा रेहका वडाहरु सुशासनका नमुना बन्ने छन् ।
- जनप्रतिनिधीहरुले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन् ।
- जनप्रतिनिधीहरुले आफुले कुनै भ्रष्टाचार गर्ने छैनन् ।
- जनप्रतिनिधीहरुले भ्रष्टचारी , ब्यभिचारी अनियमितता र सार्वजनिक सम्पतिको दोहन गर्नेहरुलाई कानुनी कार्बाहिको दायरमा पूर्याउन अग्रणी भुमिका खेल्नेछ ।

संकल्पलाई वर्तमान पुस्ताले नै अनुभूती हुने गरी गाँउपालिकामा गरिने बार्षिक कृयाकलापलाई लक्ष्य, उद्धेश्य प्राप्त गरी रणनितिक रुपमा कार्यान्वयन गर्नको निम्ति भोटखोला गाँउपालिकाले यो आठौं गाँउसभा जस्तो गरिमामय सभामा आ.व. २०८०/२०८१ को नीति तथा कार्यक्रम पेश गरिएको छु ।

सभाध्यक्ष महोदय,
गाउँसभाका सदस्य ज्यूहरु,

संखुवासभा जिल्लाको उत्तरपूर्वी भुभागमा अवस्थित ६३९.२ वर्ग कि.मि. क्षेत्रफल भएको भोटखोला गाउँपालिकाको भाग्य र भविष्य निर्माण गर्ने चरणमा हामी जनप्रतिनिधीहरु सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विधमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानिय तहको पूर्ण कार्यन्वयनका लागि ३ तहका राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकोले समन्वय र केही अन्योलता र दुविधाका बावजुत नेपालको संविधान, ऐन कानुन, मन्त्रालयहरुबाट प्राप्त परिपत्र तथा दिग्दर्शन आदीका आधारमा विभिन्न विषयगत बजेट सिलिङको आधारमा ५ वटै वडामा सहभागितामुलक विधिबाट तयार गरिएका योजनाको बैंक र कार्यक्रम छनौट गरि नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं ।

आदरणीय सभादस्य ज्युहरु,

अब म आगामी आ.व.२०८०/२०८१ का लागि तयार गरिएको नीति तथा कार्यक्रमको योजना तर्जुमा गर्दा लिएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आर्थिक वर्ष २०८०/२०८१ को गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरु, आवधिक योजनाका निम्ति रणनीति र प्राथमिकताहरु, स्थानिय सरकार सञ्चालन ऐन २०७४, दिगोविकासको लक्ष्य २०३० र भोटखोला गाँउपालिकामा बनेका विभिन्न ऐन, कार्यविधि र संघिय मामिला, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा यस भोटखोला गाउँपालिकाको वस्तुगत आवश्यत्तालाई मुख्य आधार बनाइएको छ ।

**भोटखोला गाउँपालिकाको आ.व. २०८०/२०८१ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु :**

१. नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारको सूचि
२. नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु
३. नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजीक प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य स्वीकृतीकरणको प्रतिवेदन
५. संघीय सरकारले अङ्गीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
६. संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
७. स्थानिय तहको प्राथमिकीकरण योजनाले तय गरेका प्राथमिकताहरु
८. नेपालको अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु
९. स्थानिय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु

## शिक्षा ,युवा तथा खेलकुद विकास

भोटखोला गाँउपालिकाको शैक्षिक उन्नती र विकासको निम्ति निम्न अनुसार नीति अवलम्वन गरेको छ ।

- बालकक्षा पुर्वको २ वर्ष देखि ४ वर्ष विचका नानीहरुको पालन पोषणमा विषेश ध्यान दिनुको लागि चाइल्ड केयर सेन्टर स्थापना गर्न पहल गरिनेछ ।
- बाल कक्षा देखि ३ कक्षा सम्मका बालबालिकाहरुको शैक्षिक र शारिरीक वृद्धि विकासको लागी मन्टेश्वरी शिक्षण विधिलाई कार्यन्वयन गर्न एक विज्ञको टिम निर्माण गरी सोको प्रतिवेदनको आधारमा कार्यान्वयन गरिनेछ भने दिवाखाजालाई पोषणयुक्त वनाउन पञ्च अन्नबाट (भुटेको मकै, भुटेको गहु, भुटेको कोदो, भुटेको भटमास र भुटेको उवा) उत्पादित (पाक्चम) सातु हप्तामा ४ दिन अनिवार्य खुवाउने व्यवस्था गरिनेछ ।
- बाल विकास केन्द्र संचालनमा रहेका विद्यालयहरुको अध्ययन गरी कक्षा तह वृद्धि गरिदै सो अनुसार शिक्षकको व्यवस्था गरिनेछ ।
- २ वटा माध्यमिक विद्यालयलाई आवशिय माध्यमिक संचालनको लागि आवश्यक भौतिक पूर्वधार र व्यवस्थापनको तयारी गरी आ.व. २०८२/२०८३ देखि संचालनमा ल्याउने प्रयत्न गरिनेछ ।
- अरुणोदय माध्यमिक विद्यालयको बालीविज्ञान अध्ययन हुने कक्षा ११ र १२ लाई कमाउदै अध्ययन गर्दै कार्यक्रम बनाई रैथाने बाली संरक्षण, अध्ययन र प्रवर्द्धनको केन्द्र वनाउन विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- आ.व. २०८०/२०८१ देखी सम्पुर्ण विद्यालयको तथ्यांकहरु सफ्टवेयर मार्फत डिजिटलाईज गरिनेछ ।
- शिक्षकको क्षमता अभिवृद्धिको लागि पाठ्यक्रममा आधारित विभिन्न तालिम गोष्ठी संचालन गरिनेछ ।
- विद्यार्थीहरुलाई पाउनु पर्नु विभिन्न स्वास्थ्य सँग सम्वन्धीत खोप तथा औषधी स्वास्थ्य शाखा सँग समन्वय गरी प्रदान गरिनेछ ।
- आधारभूत तहको विद्यार्थीहरुलाई अतिरिक्त ज्ञान र सीप विकासमा सामेल गराउन अन्तर विद्यालय साहित्य, सांस्कृतिक, हाजिरीजवाफ, जास्ता कृयाकलाप संचालन गर्न बजेटको व्यवस्था गरिनेछ ।
- आ.व. २०८१/२०८२ शैक्षिक सत्रको लागि शिक्षा शाखाले पाठ्यपुस्तक खरिद गरी समयमा नै शिक्षा शाखाबाट वितरण गरिने व्यवस्था मिलाउने छ ।
- स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा क्रमिक रुपमा गरिनेछ ।
- वडा नं. २ का केही विद्यालयमा विद्यार्थी संख्या घट्दै गईरहेकोले त्यहा अध्यापन गरिने शिक्षकलाई विद्यार्थी संख्या भएको विद्यालयमा काजमा खटाईने व्यवस्था गरिनेछ ।

- आधारभूत विद्यालय तह ८ सम्म संचालनमा आएका विद्यालयहरु र कृष्ण माध्यमिक विद्यालयलाई स्वीकृतिको लागी नेपाल सरकार समक्ष पहल गरिनेछ ।
- गाँउ शिक्षा समिति मातहत रहने गरी  गाँउपालिका स्तरिय खेलकुद विकास समिति गठन गरिने छ र सो खेलकुद विकास समितिले राष्ट्रपति रनिङ शिल्ड संचालन गर्ने, गाँउपालिका स्तरिय खेलकुद संचालन गर्ने, प्रतिभावान खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था गर्ने जस्ता कार्यक्रम संचालन गरिनेछ ।

## कृषि तथा पशुपंक्षि विकास

भोटखोला गाँउपालिका रैथानी बालीको भण्डारण भएको भूगोल हो । यसलाई व्यवस्थित गरेर परिचालन गर्न सकेमा भोटखोला गाँउपालिकालाई अन्य स्थानीय तहभन्दा फरक पहिचान दिन सम्भव छ । यही सम्भावनालाई मध्यनजर गरेर निम्न नीति तथा कार्यक्रमहरु तयार गरिएको छ ।

- उच्च हिमाली क्षेत्रमा पाईने रैथाने बाली कृषि तथा पशुपंक्षि संरक्षण, प्रवर्द्धन तथा बजारीकरण रणनीतिक योजनालाई प्रदेश र संघीय सरकार सँग समन्वय गरेर रैथाने पकेट आयोजनामा परिणत गर्न पहल गरिनेछ ।
- कृषकलाई अनुदान होइन, कृषकले उत्पादन गरेको वस्तुको बजारीकरण सुनिश्चित गर्नु स्थानीय सरकारको कर्तव्य हो भन्ने कुरालाई मध्यनजर गर्दै कृषि तथा पशुपंक्षि ऐन र कार्याविधि यसै सभावाट पारित गरिनेछ ।
- रासायनिक मल खरिद र ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ भने गाँउपालिका भित्र नै ३ वटा कम्पोष्ट मल उत्पादन केन्द्र स्थापना गरी कृषकहरुलाई ५० प्रतिशत अनुदान छुट गरी मल वितरण गर्ने व्यवस्थ गरिनेछ ।
- ५ वटै वडामा टोल विकास संस्था गठन गरी टोल विकास संस्था मातहत कृषक समुह गठन गरिनेछ । कृषक समुहको उद्धेश्य अनुरुप व्यक्तिगत र सामुहिक रुपमा उत्पादन गरेको रैथाने बाली तथा पशुपंक्षी जन्य वस्तुको न्यूनक्तम विक्री मूल्य निर्धारण गरि गाँउपालिकाले तोकिएको संकलन केन्द्रमा सहजरुपमा विक्री वितरण गर्ने व्यवस्था गरिनेछ ।
- भोटखोला वडा नं. २ र ४ मा संकलन र शीत भण्डारण केन्द्र भवनको स्थापना हुनेछ भने क्रमिक रुपमा ५ वटै वडामा विस्तार गरिनेछ । २ नं. वडामा यसै आर्थिक वर्षमा संघीय सरकारको सहयोगमा निर्माण सम्पन्न गरिनेछ ।
- थुदाम र रिदाक गाँउलाई च्याङरा पालन क्षेत्र बनाउने र सोको लागि प्रदेश सरकार सँग समन्वय गर्ने ।
- ५ वटै वडामा रहेको विभिन्न घरपालुवा पशुपंक्षीको वृद्धिविकास, पोषण र महामारी रोगबाट वचाउन विशेष आपतकालीन व्यवस्था गरी सेवा प्रदान गरिनेछ र आवश्यक कृषि तथा भेटनरी प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- नगदेबाली अलैचीलाई रोग र किराबाट निर्मुल पार्नको लागि आवश्यक किटनाशक औषधीको व्यवस्था गरिनेछ र अलैची जोनको क्षेत्रलाई विस्तार गर्न जिल्ला कृषि ज्ञानकेन्द्र सँग समन्वय गरिनेछ ।

## भौतिक पूर्वधार विकास

भोटखोला गाँउपालिकाको भौतिक पूर्वधार तर्फ निम्न नीति अवलम्वन गरिनेछ ।

- गाँउपालिकाको प्रशासकिय भवनलाई पूर्णता दिने र गाँउपालिकाबाट प्रदान गरिने जनसेवाको कामलाई एउटै भवनबाट प्रदान गरिनेछ ।
- ५ शैयाको अस्पताल निर्माणको कार्यलाई स्थानीय सरकारको तर्फबाट नियमित अनुगमन गरी समयसिमा भित्र सम्पन्न गर्न ठेकेदारलाई उत्साहित गराउने ।
- संघीय सरकारबाट किमाथांका र कोशी प्रदेश सरकारबाट हटिया गाँउलाई नमुना गाउ निर्माणको लागि नीति तथा कार्यक्रममा समावेश गराउन पहल गरिनेछ ।
- ५ वटै वडामा रहेका विद्यालय भवन, स्वास्थ्य भवन, वडा कार्यालय, अन्य सामाजिक सार्वजनिक भवनहरुको स्तरवृद्धि प्राथमिकीकरणको आधारमा गर्दै लैजानेछ ।
- आवशिय माध्यमिक विद्यालय संचालनको लागि आवश्यक भौतिक पूर्वधार निर्माणको लागि प्रदेश सरकार र संघिय सरकार समक्ष तयार भएको डिपिआर सहित पेश गरिनेछ ।
- ५ वटै वडामा रहेको पुलपुलेसाहरुको संरक्षण गर्दै थप पुलहरु निर्माण गर्न वडा कार्यालयसँग समन्वय गरेर टि.वि.एस.यु.कार्यालय धरानमा कार्यक्रम पेश गरिनेछ भने यसै वर्ष नयाँ ३ वटा पुल निर्माण शुरुवात गरिनेछ ।
- मिसन ग्रासरुट विपन्न जनता आवश कार्यक्रम मार्फत ५ वटै वडामा रहेका विपन्न जनताहरुको फुसको छाना हटाई जस्तापाता सहयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- भोटखोला गाँउपालिका केन्द्र हटियामा ३०० जना क्षमताको सभाहल सहित स्वास्थ्य प्रशासकिय भवन पुरानो भग्नावेश स्थानमा निर्माणको लागी प्रदेश र संघीय सरकार समक्ष पहल गरिनेछ ।
- किमाथांका नाकालाई छिटो खुलाउन नेपाल सरकारबाट समक्ष निरन्तर पहल गरिनेछ र वडा नं. १ किमाथांका स्थित कामाखोलामा प्रहरी विट र स्वास्थ्य हेल्थडेक्स स्थापना गरिनेछ ।

## संचार तथा इन्टरनेट सुविधा

भोटखोला गाँउपालिका भौगोलिक बनावटको कारणले संचार र इन्टरनेटको सुविधा विस्तार गर्न कठिन रहेकोछ । यस बावजुद पनि जनताहरुलाई र यहाका सरकारी कार्यालयहरुमा संचारको सुविधा उपलव्ध गराउन निम्न नीति तथा कार्यक्रम अवलम्वन गरेकोछ ।

- लची डाँडामा रहेको टेलीकम टावरको लागि चाहिने विद्युत ग्रामीण विद्युतिकरण आयोजनासँग समन्वय गरी यही आर्थिक वर्षमा केन्द्रिय लाईन जडान गरिनेछ ।
- वडा नं. २ च्याम्ताङको सिम्पोक्पा डाँडा आसपास र किमाथांका पुसि ल्हामा यही आर्थिक वर्षमा नेपाल टेलीकम र गाँउपालिका वीच समन्वय गरेर टावर निर्माण गरी ४जी र २जी. संचार सेवालाई जनतासमामु पुर्याउने र वडा नं. ४ को सेम्वुङ गाँउको सिरेक डाँडामा टेलीकमको टावर निर्माण गर्न पहल गरिनेछ ।
- लचि डाँडामा रहेको टेलिकम टावरमा हाल संचालित ४जी को क्षमतालाई वढाउन केन्द्रिय टेलिकमसँग समन्वय विस्तार गरिनेछ ।
- ४ जी नेटवर्क राम्ररी क्याच गर्ने वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य कार्यालयमा ४ जी इन्टरनेट जडान गरि अनलाईन प्रतिवेदन पेश गर्नेकार्यलाई व्यवस्थित गर्नेछ ।

## सडक तथा कृषि सडक विकास

भोटखोला गाँउपालिकालाई सडक र कृषि सडकको विस्तार र स्तरउन्नती गर्न निम्न नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ।

- राष्ट्रिय योजना आयोग मातहत संचालित कोशी ल्हाशा राजमार्गको बरुण दोभान देखि च्याम्ताङ सम्म ३४ कि.मि. खण्डलाई स्तरउन्नतीको लागि उत्तरदक्षिण सडक डिभिजन कार्यालय सँग समन्वय गरी यही आर्थिक वर्षमा टेन्डर अह्वान गर्न सहजीकरण गरिनेछ।
- अप्पर अरुण हाइड्रोको छोङक्राङ देखि चेपुवा फेदी सम्मको सुरुङ मार्ग सहितको पक्कीबाटोलाई समय सिमा भित्र सम्पन्न गर्न गाँउपालिकाले निरन्तर रुपमा ठेकेदार कम्पनी र आयोजनासँग समन्वय र सहजीकरण गरिनेछ।
- गोला देखि लिंगम गुरुङ गाँउ कृषि सडक, च्याम्ताङ कृषि सडक र लिंगम देखि गुठीगुम्वा कृषि सडकलाई स्तरउन्नतीको लागि कोशी प्रदेश सरकार र संघीय सरकारको सहरी विकास मन्त्रालयलाई योजना पेश गरिनेछ।
- हटिया कृषि सडकको ट्र्याग ओपन शुरु गर्ने काम यही आर्थिक वर्ष देखी गाँउपालिको बजेटबाट हुनेछ।
- हुङगुङ देखी किमाथांका वैकल्पिक कृषि सडकको सर्भे गर्ने कार्यलाई अगाडी वढाइनेछ।

## वन तथा वातावरण, जडिवुटी खेती विस्तार र पर्यापर्यटन प्रर्वद्धन

भोटखोला गाँउपालिका वन तथा वातारण र जैविक विविधताको दृष्ट्रिकोणले अत्यन्तै धनी गाँउपालिका हो। हामीले यहाँको प्राकृतिक श्रोत साधनलाई सही ढंगले परिचालन र प्रचार प्रसार गर्न सकेमा आन्तरिक श्रोतको बृद्धि हुने र पर्यापयर्टनको प्रर्वद्धनमा टेवा पुग्ने देखिन्छ।

- जडिबुटीको खानी भएको भोटखोला गाँउपालिकाले आगामी दिनमा योगमाया आयुर्वेद विश्वविद्यालय सँग सहकार्य गरेर जडिवुटी सँग सम्वन्धित विभाग भोटखोला गाँउपालिकामा स्थापना गर्न पहल गरिनेछ।
- ९ वटा मध्यवर्ती सामुदायिक वन र ९ वटा सामुदायिक वन उपभोक्ता समुहको संस्थागत विकासको लागि वजेट व्यवस्थापन गरिनेछ।
- जैविक विविधता दिवश, विश्व वातारण दिवश, बन्यजन्तु दिवश, सिमसार दिवश, पानी दिवश जस्ता महत्वपुर्ण दिवशहरु मनाई प्रचार प्रसार गरिनेछ।
- मकालु बरुण राष्ट्रिय निकुञ्जसँग समन्वय गरी वन्य जन्तु र मानव वीचको द्वण्दलाई न्यूनीकरण गर्ने उपायहरु र क्षतिपूर्ति व्यवस्थालाई सहज वनाउने कार्यलाई छिटोछरितो गराउन पहल गरिनेछ।
- भोटखोला गाँउपालिकाको महत्वपुर्ण जैविक विविधता तथा वातावरण सम्पदा भएको प्राकृतिक श्रोतलाई फोटो ग्राफी मार्फत प्रचार प्रसार गरी गाँउपालिकाको विभिन्न स्थानमा होडिङबोर्ड राखिनेछ।

- जडिवुटी खेती व्यवसायिक रुपमा विस्तार गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।
- भोटखोला गाँउपालिकाको जनताहरुले विभिन्न जडिबुटीहरु व्यक्तिगत जीविकोपार्जन गर्नको लागि बजारमा लैजाने क्रममा नीतिगत हुने समस्यालाई डिभिजन वन कार्यालय र मकालु बरुण राष्ट्रिय निकुञ्ज कार्यालय सँग छलफल गरी सहज वनाउनेछ ।
- भोटखोला गाँउपालिकामा रहेको महत्वपुर्ण पर्यटकीय स्थल, सम्पदाहरुको अभिलेखीकरण गर्ने ।
- ग्रेट हिमालयन ट्रेल, यति ट्रेल, पोप्टी भन्ज्याङ्ग, लुङ्गवसाम्व थुदाम, बरुणधाम, हटिया तातोपानी जस्ता महत्वपुर्ण क्षेत्रहरुको प्रचार प्रसार गरी आन्तरिक पर्यटक प्रर्वद्धन गरिनेछ ।
- सामुदायिक होम स्टे गठन र कुक तालिमको लागी बजेटको व्यवस्था गरिनेछ ।
- भोटखोलाको सामाजिक सांस्कृतिक सम्पदालाई पर्यटकीय प्रर्वद्धनको माध्यम बनाउन भिडिओ डकुमेन्ट्री वनाई प्रचार प्रसार गर्न पहल गरिनेछ ।

## उर्जा तथा लघुजलविद्युत विकास र स्तरिकरण

भोटखोला गाँउपालिका आफ्नै प्रयासमा प्राय: सवै गाँउमा आफ्नै खोलाबाट लघुजलविद्युत उत्पादन गरी घरमा आवश्यक उज्यालो वत्ति बाली रहेको छ । यस लघुजलविद्युत केन्द्रलाई स्तरीकरण, संरक्षर र केन्द्रिय लाईन जडानको लागि निम्न नीति तथा कार्यक्रम अवलम्वन गरिएको छ ।

- गाँउपालिकाको लघुजलविद्युत व्यवस्थित गर्नको लागी स्थानीय उर्जा तथा लघुजलविद्युतको स्तरउन्नती, संरक्षण गर्न प्राथमिकीकरणको आधारमा बजेटको व्यवस्था गरिनेछ ।
- केन्द्रिय लाइन जडानको लागि ग्रामीण विद्युतिकरण आयोजनाले काम गरिरहेको र प्राथमिकताको आधारमा गोला, सिपुङ, नामासे, लचि डाडाँ हुदै रुकुमा गाँउ लैजाने र लचि डाँडाबाट टेलीकम टावरमा गाँउपालिकाको लगानीमा विद्युत जडान गरिनेछ ।
- विद्युतिय केन्द्रिय लाईन विस्तार गर्न विद्युत प्राधिकरण तुम्लीङटरसँग समन्वय गरी हेदांना गढी र बरुण सम्मको पोल तथा तार विस्तार योजना यही आर्थिक वर्ष सम्पन्न गर्न सहजीकरण गरिनेछ ।
- ग्रामीण विद्युतीकरण आयोजना मार्फत आगामी २ वर्ष भित्र वडा नं. २ को च्याम्ताङ गाँउसम्म केन्द्रिय लाईन विस्तार गर्ने काम सम्पन्न गरिनेछ ।
- भोटखोला गाँउपालिका हाइड्रोको हव केन्द्रविन्दु वन्दै गरेको अवस्थामा वडा नं. ३ स्थित साल्दिम भ्यालीबाट वग्दै आएको माङ्ग्रो खोला ४५ मेघावाटको आयोजनालाई गाउपालिकाले लाइसेन्स लिएर सम्भाव्यता अध्ययन गर्न नीतिगत रुपमा नेपाल सरकारको उर्जा तथा जलश्रोत मन्त्रालय सँग समन्वय गर्ने ।

## भाषा, सांस्कृतिक र कला

भोटखोला गाँउपालिका विविध जातजातीहरुको बसोबास गरेको थाकथलो हो । सांस्कृतिक विविधता भएको जातजातीहरुको सामाजिक, सांस्कृतिक, भाषा, कला संरक्षण र प्रवर्द्धन गर्न स्थानीय सरकारको दायित्व भित्र पर्दछ । त्यसैले भोटखोला गाँउपालिकाले भाष, सांस्कृतिक र कला संरक्षण र प्रवर्द्धनको लागी निम्न नीति तथा कार्यक्रम अवलम्वन गरेको छ ।

- गाँउपालिका भरी विभिन्न जातजातीहरुको सामाजिक सम्पदा (गुम्वा, मठमन्दिर, देवीथान, धार्मीक तिर्थस्थल, चर्च) हरुको अध्ययन र अभिलेखिकरण गरी दस्तावेजीकरण गरिनेछ ।
- गाँउपालिकाको महत्वपुर्ण स्थान, भाषा, संस्कृति र रितिरिवाज र विकासको गतिविधिहरुलाई भावीपुस्ताको नीम्ति भिडिओ डकुमेन्ट्री मार्फत सुरक्षित गरिनेछ ।
- बरुण तिर्थस्थललाई भोटखोलाको बरुणधाममा परिणत गर्न पहिलो प्रयास गरिनेछ र सो कार्यलाई ३ वर्ष भित्र पुरा गरिनेछ ।

## स्वास्थ्य

भोटखोला गाउपालिकाको जनताहरुलाई आधारभूत स्वास्थ्य सेवा सुविधा उपलव्ध गराउन निम्न नीति तथा कार्यक्रम अवलम्वन गरिएको छ ।

- सवै स्वास्थ्य संस्थाहरुको कर्मचारीबाट मासिक १ दिन नसर्ने रोगको सचेतना र व्लक प्रेसर विरामीको स्क्रीनिङ अभियान संचालन गरिनेछ ।
- विशेष गरेर मुटु रोगी, बाल रोगी र महिला पाठेघर रोगी पहिचान गरी मनोमोहन कार्डियोलिजिष्ट भास्कुलर सेन्टरको प्राविधिकहरुको सहयोगमा एकिकृत स्वास्थ्य शिविर संचालन गरी जनताहरुलाई विशेषज्ञ डा.हरुबाट सेवासुविधा प्रदान गरिने व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम, गोष्ठी संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा भएका उपकरणहरुलाई मर्मत संभार साथै थप औजार र उपकरणको व्यवस्था गर्न बजेटको व्यवस्था गरिनेछ ।
- अनलाईन रिर्पोटीङलाई व्यवस्थित गर्न ४जी टिप्ने स्वास्थ्य संस्थाहरुमा ४जी नेटवर्क डिभाइसको व्यवस्था गरिनेछ ।
- मातृशिशु प्रजनन अनिवार्य स्वास्थ्य संस्थामा गर्नु पर्छ भन्ने सन्देश र अभियान संचालन गरिनेछ ।
- वडा नं. ५ स्थित तुङखालिङ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा वर्थिङ सेन्टरको स्थापना गर्न पहल गरिनेछ ।
- गाँउपालिका स्तरीय फिजियो थेरापी सेन्टर हटिया स्वास्थ्य चौकीमा यही आर्थिक वर्षमा संचालनमा ल्याउनेछ ।

सभाअध्यक्ष महोदय

सभासदस्य ज्युहरु

आ.व. २०७९/२०८० को असाढ १० गते सम्मको आय र व्यय

| सि.नं. | विनियोजन बजेट | विनियोजन खर्च | खर्च प्रतिशत | भुक्तानी दिन बाँकी |
|---|---|---|---|---|
| १ | ३०९१,६७,०६८।९८ | १९०४१३९७३ | ६१.५८% | ११८,७५३,०९५।९८ |

आ.व. २०८०/२०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम

**क. अनुमानित प्राप्त प्रस्तावित बजेट**

**१. समानीकरण बजेट:** संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ६,९५,००,०००।

प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ३९,०७,०००।

**जम्मा समानीकरण बजेट रु. ७,३४,०७,०००।**

**२. राजश्व बाँडफाँड:** संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु. ६,७३,१३,३००।

**३. शसर्त बजेट:** संघीय सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.११,२९,००,०००।

प्रदेश सरकारबाट प्राप्त प्रस्तावित बजेट रु.५५,५०,०००।

**जम्मा शसर्त बजेट रु. ११,८४,५०,०००।**

४. **अनुमाणित संचित बजेट:** रु. ३,००,००,०००।

५. प्रस्तावित आन्तरिक आम्दानी बजेट: रु. १५,००,०००।

**जम्मा प्रस्तावित आय** रु. २९,०६,७०,३००।-

**ख. प्रस्तावित आयोजना/योजना र कार्यक्रमहरुको प्रस्तावित खर्च विवरण:**

१. वडा स्तरिय योजना तथा विविध कार्यक्रम **खर्च** : रु. ३,४०,००,०००।

२. पालिका स्तरिय तथा विगत आ.व.हरुको योजना, विविध कार्यक्रम खर्च: रु. ६,९४,०७,०००।

३. **चालु** तथा **पुँजीगत** कार्यक्रम संचालन खर्च रु. ६,८८,१३,३००।

४. शसर्त बजेट कार्यक्रम संचालन निर्देशिका अनुसार खर्च: रु. ११,८४,५०,०००।

**जम्मा प्रस्तावित खर्च रु .** २९,०६,७०,३००।-

## महिला, बालबालिका तथा जेष्ठ नागरिक, सामाजिक संघ संस्था

- लैंगिक समानता तथा सामाजिक समावेशिकण प्रवर्द्धन गर्न महिला, बालवालिका, दलित, फरक क्षमता भएका व्यक्तिहरु, आदिवासी जनजाती, युवा , जेष्ठ नागरीक तथा क्षमता विकासका कार्यक्रमहरु सरोकारवाला निकाय संगको साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।
- भोटखोला गाँउपालिकामा कार्यरत विभिन्न सामाजिक गैह्रसरकारी संघसंस्थाहरुले गाँउपालिकामा अनिवार्य आवद्ध भएर मात्र आफ्नो कार्यक्रम संचालन गर्न पाउने व्यवस्था नीतिगत रुपमा सामाजिक संघसंस्था संचालन मार्गदर्शन तयार गरिनेछ ।

## अपाङ्गता रोगथाम तथा पुनस्थापना

- अपाङ्गता रोगथाम र मिलिजुली सञ्जाललाई सचेतिकरण र अपाङ्गता उपकरण वितरण गरिनेछ भने भावी सन्तती अपाङ्गता हुनबाट जोगाउन स्वास्थ्य शाखासँग समन्वय गरेर औषधीको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको समुह मिलिजुली समुहलाई आधिकारीक रुपमा दर्ता गरी विभिन्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- पालीका स्तरीय अपाङ्गता भएको व्यक्तिहरुको संस्था (ओपिडी) लाई दर्ता गरी संचालनमा ल्याउनेछ ।
- नयाँ पहिचान भएका अपाङ्गता व्यक्तिहरुलाई आवश्यकताको आधारमा सहयोगी सामग्री वितरण गरिनेछ ।
- अपाङ्गता भएको व्यक्तिहरुको व्यक्तिगत प्रोफाइल तयार गरिनेछ ।

सभाध्यक्ष महोदय,

माननिय सदस्य ज्यूहरु,

यसरी आ.व.२०८०/२०८१ को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुऱ्याउनु हुने गाउँ कार्यपालिका, वडासमितीका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिती, स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिती, बजेट तथा कार्यक्रम तर्जुमा समिती लगायत सम्पूर्ण विषयगत समितीका पदाधिकारी ज्यूहरु, टोल स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सक्रिय जनसामुदाय, बजेट निर्माण प्रकृयमा अहोरात्र खटिरहनु भएका कर्मचारी ज्यूहरु लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनहुने एवम अमुल्य सहयोग, सदभाव सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस भोटखोला गाउँपालिकाको योजना आयोजना तथा कार्यक्रम निर्माण गर्ने क्रममा यहाँहरुबाट जसरी सहयोग प्राप्त भयो सोही बमोजीम कार्यन्वयनको पक्षमा समेत अमुल्य सहयोगको अपेक्षा राख्दछु । यो प्रयास मेरो एकलो प्रयास नभई समग्र भोटखोलाको प्रयास भएको व्यहोरा अनुरोध गर्दछु ।